




# बार्षिक प्रगति प्रतिवेदन

## आ.ब. २०७९/०८०

# ANNUAL PROGRESS REPORT

Fiscal Year 2079/080 (16 July 2022 - 15 July 2023)

मधेश प्रदेश सरकार

## प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र

## Provincial Research and Training Center

मुजेलिया जनकपुरधाम, धनुषा

मा. सरोज कुमार यादव
Hon. Saroj Kumar Yadav
मुख्यमन्त्री
Chief Minister

फोन नं. ०४१-५२७३०३, ५२३१३३
PH. No.: 041-527303, 523133
Website : www.ocmcm.p2.gov.np

मधेश प्रदेश सरकार
Government of Madhesh Pradesh
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
Office of the Chief Minister and Council of Ministers
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal



## शुभकामना

राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन, मधेश विद्रोह, सशस्त्र संघर्ष, त्याग र गौरवपूर्ण बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, समृद्धिको आकांक्षा हासिल गर्न प्रभावकारी सेवाप्रवाह, प्रतिष्पर्धी कर्मचारी र नागरिकमैत्री जनप्रतिनिधि आजको आवश्यकता रहेको छ। उक्त आवश्यक्तालाई मध्यनजर गर्दै कर्मचारी तथा जनप्रतिनिधिहरूको क्षमता विकास, अध्ययन अनुसन्धान कार्यलाई संरक्षण, प्रवर्धन गरी प्रदेश सरकारका लागि प्रबुद्ध सल्लाह सुझाव उपलब्ध गराई समतामूलक तथा समन्यायिक समाज निर्माणमा योगदान पुर्याउने प्रदेश अनुसान्धान तथा प्रशिक्षण केन्द्रले महत्वपूर्ण भुमिका खेल्ने अपेक्षा राखेको छु।

यसका लागि प्रदेश सरकारले स्रोत साधन उपलब्धताको सुनिश्चितता प्रदान गरेको व्यहोरा सहर्ष जानकारी गराउन चाहन्छु तथा अगामी दिनमा समेत यसलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछु। यसै सन्दर्भमा प्रदेश तथा स्थानीय तहहरूबाट सम्पादन गरिने कार्यलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्ने दिशामा उपलब्ध स्रोत साधनको दक्षतापूर्ण उपयोग गर्न केन्द्रले क्षमता विकास तालिमहरू सञ्चालन गर्दै आइरहेको छ। अगामी दिनहरूमा यस केन्द्रले अन्तरसरकार सम्बन्ध सुदृढीकरणका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकार बीच समन्वय र सहकार्यको लागि सार्थक दिशामा अग्रसर हुने अपेक्षा राखेको छु।

केन्द्रले आफ्नो दोस्रो वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गरेकोमा मलाई अत्यन्त खुशी लागेको छ। प्रतिवेदनमा उल्लिखित सम्पन्न क्रियाकलापहरूबाट प्राप्त उपलब्धिहरूको माध्यमले स्थानीय तहको कार्य सम्पादनमा सहयोग प्राप्त हुने विश्वास गरेको छु। साथै, प्रदेश तथा स्थानीय तहका कर्मचारी एवं जनप्रतिनिधीहरूको क्षमता अभिवृद्धि तथा संस्थागत सबलीकरण मार्फत सुशासन कायम भई "समग्र मधेश, समृद्ध प्रदेश" को आकांक्षा हासिल गर्न योगदान गर्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा, यो प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका पदाधिकारीहरू, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम लगायतका विकास साझेदार एवं यस सम्बन्धमा राय, सुझाव र पृष्ठपोषण प्रदान गर्ने सम्वद्ध सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद !

सरोज कुमार यादव
मुख्यमन्त्री



# दुई शब्द

समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक मर्म सहितको सङ्घीय संरचनालाई व्यवस्थित बनाउँदै अन्तर सरकारी सम्बन्धलाई सुदृढ गर्ने लक्ष्य हासिल गर्नका लागि प्रदेश र स्थानीय सरकारका जनप्रतिनिधि एवं कर्मचारीहरुलाई सार्वजनिक प्रशासन, विकास व्यवस्थापन, प्रभावकारी सेवा प्रवाह विषयमा क्षमता विकास गर्नुका साथै संस्थागत सुदृढीकरण कार्यमा सघाउ पुर्याउन मधेश प्रदेश सरकारको प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८ बाट स्थापना भएको प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको दोस्रो वार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउँदा खुसी लागेको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरू कार्यान्वयन गर्न सफल भएकोमा सम्बद्ध सबैको योगदानको कदर गर्दै धन्यवाद प्रकट गर्दछु ।

"दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन" को संस्थागत मान्यतालाई आत्मसात् गरी यस केन्द्रले स्थापना कालदेखि नै जनप्रतिनिधि र कर्मचारीका लागि प्रशिक्षण आवश्यकताको पहिचान, प्रशिक्षण सामग्री एवम् प्रशिक्षण पाठ्यक्रम निर्माण, प्रशिक्षण सञ्चालन तथा अनुगमन र मूल्याङ्कन, अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तरता दिदै आएको छ ।

कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास, कर्मचारीका लागि सेवा प्रवेश तथा सेवाकालीन तालिमका साथै विभिन्न बिषयमा अभिमुखिकरण सञ्चालन, स्थानीय तहहरूको संस्थागत विकासमा सहयोग, प्रशिक्षण केन्द्रको विधमान भौतिक पूर्वाधार मर्मत संभार तथा मेशिनरी उपकरणहरूको खरीद जस्ता कार्यहरू सम्पन्न गर्न सफल भएकोमा खुसी व्यक्त गर्न चाहन्छु । प्रदेश सरकार र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई गुणस्तरीय प्रशिक्षणको माध्यमले क्षमता अभिबृद्धि गराउने दिशामा एउटा उत्कृष्ट केन्द्र (Centre of Excellence) को रुपमा स्थापित हुने कुरामा मैले विश्वास लिएको छु ।

माथि उल्लेखित कार्यहरू सम्पन्न गर्न यस केन्द्रलाई निरन्तर दिशानिर्देश एवं मार्गदर्शन गर्नुहुने मधेश प्रदेशका माननीय मुख्यमन्त्री श्री सरोज कुमार यादवज्यू, प्रदेश सरकारका श्रीमान नि. प्रमुख सचिव किशोर कुमार चौधरीज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेश, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग सम्बद्ध सबै विकास साझेदारहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

सतार अंसारी
कार्यकारी निर्देशक

# कार्यकारी सारांश

मधेश प्रदेश सरकारको गठन (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७८ बाट स्थापित प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले स्वीकृत वार्षिक योजना अनुसार क्षमता विकासको क्रियाकलाप कार्यान्वयन गरेको दुई वर्ष पूरा भएको छ । प्रशिक्षण पाठ्यक्रम निर्माण, क्षमता विकास कार्यक्रमको कार्यान्वयन, केन्द्रको मानव संसाधन विकास, प्रदेश तथा स्थानीय तहसँग सम्पर्क, समन्वय र साझेदारी, पुराना संरचनाको मर्मत सम्भार र कार्यालय परिसरको सौन्दर्यीकरण जस्ता कार्यक्रमहरू यस आर्थिक वर्षमा कार्यान्वयन भएका छन् ।

यस आर्थिक वर्षमा प्रदेश र स्थानीय तहका लागि क्षमता विकासका कार्यक्रम, तालिमको आवश्यकता पहिचान र सोका आधारमा वार्षिक कार्यक्रम र बजेट निर्माण कार्यको निरन्तरता प्रदान गरिएको छ । स्थानीय तहको प्राथमिकतामा रहेका संस्थागत विकासका लागि आवश्यक योजना/कार्ययोजना/रणनीति तर्जुमा गर्ने कार्यमा आर्थिक तथा प्राविधिक सहयोग गर्ने कार्य यस वर्षको उल्लेखनिय कार्यहरू रहेका छन् । यस आ.व. मा प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीका लागि लामो र छोटो अवधिका कुल ७६ वटा तालिमहरू सञ्चालन भए जसबाट २६४८ जनाले क्षमता विकासको अवसर प्राप्त गरेका छन् ।

स्थानीय तहका नवनिर्वाचित वडाध्यक्षहरूका लागि उनको भूमिका र जिम्मेवारी, योजना तर्जुमा र अनुगमन, राजश्व सुधार र कानुन निर्माण बारे अभिमुखीकरण यसै आर्थिक वर्षमा सम्पन्न भयो । त्यसैगरी, लैंगिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखीकरण, स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** र वित्तिय सुशासन जोखिम मुल्याङ्कन **(Fiduciary Risk Assessment)** कार्यान्वयनको फलोअप तथा अनुगमनले निरन्तरता पायो । साथै, यस केन्द्रका विधमान प्रशिक्षण कक्षहरू र कार्यालयको भौतिक संरचना मर्मत संभार, वेबसाईट अद्यावधिक तथा जेनेरेटर एवं अन्य मेशिनरी उपकरणहरूको खरीद सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान लगायतका प्रशिक्षण केन्द्रहरुबाट तयार पारिएका पाठ्यक्रमहरुलाई आधार बनाएर केन्द्रको पाठ्यक्रम समितिबाट तयार भई सञ्चालक समितिबाट स्वीकृत गरिएका पाठ्यक्रमका आधारमा यस आ.व.मा १४५ जना कर्मचारीहरूले ३०-कार्यदिने सेवाकालीन तालिम प्राप्त गरेका छन् । यि क्षमता विकास सम्बन्धी क्रियाकलापहरू संचालन गर्ने क्रममा विभिन्न विषयका १७८ जना स्रोत व्यक्तिहरू यस केन्द्रको रोष्टरमा समावेश भएका छन् । केन्द्रमा कार्यरत कर्मचारीका लागि तालिम सहजिकरण विषयमा प्रशिक्षक प्रशिक्षण सञ्चालन हुनुका साथै स्रोत केन्द्रको रुपमा पुस्तकालय स्थापना तथा सञ्चालन आदि यस आर्थिक वर्षमा सम्पादन गरिएका थप कार्यहरू रहेका छन् । केन्द्रको स्थापनादेखि हालसम्म सञ्चालित क्रियाकलापले संस्थागत विकासको मजवुत जग निर्माण भएको छ ।

# विषय सुचि


| विषयवस्तु | पेज नं. |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. केन्द्रको दीर्घकालीन सोंच, ध्येय र उद्देश्य | २ |
| ३. सम्पन्न भएका क्रियाकलापहरूको विवरण | ३ |
| (१) केन्द्रको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन पेश | ३ |
| (२) तालिम सहजिकरणबारे प्रशिक्षक तालिम | ४ |
| (३) कर्मचारीको वैयक्तिक विवरण प्रणालीबारे अभिमुखिकरण | ५ |
| (४) केन्द्रको विधमान भौतिक पुर्वाधारको मर्मतसम्भार | ५ |
| (५) तालिमको पाठ्यक्रम निर्माण | ६ |
| (६) कर्मचारीको सेवाकालिन तालिम | ६ |
| (७) मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम | ८ |
| (८) स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) | ९ |
| (९) स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) | ११ |
| (१०) जिल्ला समन्वय समितिसँग समन्वय बैठक | १२ |
| (११) लैङ्गिक उत्तरदायी बजेट (GRB) सम्बन्धी अभिमुखिकरण | १३ |
| (१२) संस्थागत विकासका लागि योजना/कार्ययोजना/रणनीति निर्माण | १४ |
| (१३) स्थानीय तहका नवनिर्वाचित वडाध्यक्षहरूका लागि तालिम | १५ |
| (१४) प्राविधिक कर्मचारीहरूका लागि भवन संहिता सम्बन्धी तालिम | १६ |
| (१५) वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम | १७ |
| (१६) पुस्तकालय स्थापना र सञ्चालन | १८ |
| (१७) हिंसामुक्त समाज निर्माणमा बिद्धार्थिहरूको भूमिका बिषयक अन्तर्क्रिया | १९ |
| (१८) अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग अन्तर्क्रिया र छलफल | २० |
| (१९) माननिय मुख्यमन्त्रीज्यूबाट केन्द्रको अवलोकन | २१ |
| (२०) अन्तर-प्रदेशिय सिकाई आदान प्रदान | २२ |
| (२१) वार्षिक रणनीतिक कार्यान्वयन योजना तयारी कार्यशाला | २२ |
| (२२) प्रदेश समन्वय समितिको बैठक | २३ |
| ४. तालिम सहभागीहरूको सारांश | २४ |
| ५. समन्वय र सहकार्य | २६ |
| ६. आर्थिक प्रगतिको विवरण | २७ |
| ७. मानव संशाधन | २७ |
| **अनुसुची** | |
| १. LISA मा उच्चतम् अङ्क प्राप्त गरेका क्रमशः २० वटा स्थानीय तहहरूको नामावली | ३१ |
| २. स्वमूल्याङ्नको कार्य सम्पन्न गर्न नसकेका स्थानीय तहहरूको नामावली | ३२ |
| ३. FRA को नतिजा पोर्टल मार्फत प्रकाशन गरेका स्थानीय तहहरूको नामावली | ३३ |
| ४. आ.व. २०८०/०८१ मा सञ्चालनका लागि स्वीकृत कार्यक्रमहरू | ३७ |
| ५. मधेश प्रदेशका स्थानीय तहहरूको ईमेल ठेगाना र वेबसाइट | ४१ |
| ६. प्रदेश सरकारका मन्त्रालय र निकायहरुको ईमेल ठेगाना र वेबसाइट | ४५ |
| ● पत्र पत्रिकाबाट | ४६ |
| ● फोटो ग्यालरी | ४७ |

# १. पृष्ठभूमि

प्रदेश तथा स्थानीय सरकारलाई संविधान तथा क्षेत्रगत कानुनले तोकेका कार्यहरू प्रभावकारी रूपमा सम्पादन गर्नको लागि जनप्रतिनिधि तथा प्रशासकीय संयन्त्रका पदाधिकारीहरूको भूमिका र क्रियाशीलता अपरिहार्य छ । प्रदेश तथा स्थानीय सरकारका कार्यहरूलाई राष्ट्रिय कार्यक्रमसँग तादाम्यता मिलाई अन्तर सरकारी समन्वय र कार्यान्वयन प्रणाली व्यवहारमा ल्याई एकरूपता कायम गर्नु पर्ने आवश्यकता महसुस गरिएको छ । सङ्घीयताको परिवर्तित स्वरूप अनुसार प्रदेश तथा स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रका नागरिक तथा जनप्रतिनिधिहरू बिच अर्थपूर्ण अन्तर्क्रिया र सहभागिताको माध्यमबाट पारस्परिक जवाफदेहिता प्रवर्धनका लागि प्रदेश तथा स्थानीय सरकारको संरचनाहरूलाई प्रभावकारी बनाउने दिशामा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको छ ।

प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्रको प्रकृति र कार्यको सघनताको हिसाबले कर्मचारीहरूलाई नागरिकप्रति जवाफदेही बनाई प्रभावकारी सेवा र विकासका प्रतिफल समतामूलक तवरले जनतामाझ पुर्‍याउने हेतुले प्रजातान्त्रिक कार्यसंस्कृतिको विकास गर्न जरूरी छ । यसै अवस्थालाई दृष्टिगत गर्दै यस केन्द्रले मागमा आधारित र व्यवहारमा प्रत्यक्ष अनुभूत गराउने खालका क्षमता विकास सम्बन्धी गतिविधिहरू सञ्चालन गर्दै आएकोछ । “दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन” को दीर्घकालिन सोंच अनुरुप गुणस्तरीय प्रशिक्षण, समस्या केन्द्रित अनुसन्धान, आवश्यकतामा आधारित परामर्श र ज्ञान व्यवस्थापनको माध्यमले जनप्रतिनिधि तथा कर्मचारी प्रशासनको क्षमता अभिवृद्धि गर्दै व्यवहार परिवर्तन र पेशागत सिप विकासमा सहयोग पुर्‍याउने संस्थागत मान्यतालाई यस केन्द्रले अगाडी सारेको छ ।

प्रदेश र स्थानीय तहका विकासका प्राथमिकतामा सहयोग पुग्ने गरी प्रशिक्षण र अनुसन्धान सम्बन्धी क्रियाकलापको माध्यमले ती निकायहरूको समग्र कार्यसम्पादन र सेवा प्रवाहमा सुधार ल्याउन योगदान गर्ने कार्यमा केन्द्र क्रियाशील रहेको छ । केन्द्रको आफ्नै सुदृढीकरणका साथसाथै प्रदेश र स्थानीय तहका मानव संसाधन तथा संस्थागत विकासका क्षेत्रमा आर्थिक वर्ष २०७९/०८० मा सम्पादन भएका मुख्य मुख्य कार्यहरूलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

## २. केन्द्रको दीर्घकालिन सोंच, ध्येय र उद्देश्य

"दक्ष जनप्रतिनिधी र कर्मचारी प्रशासन; दिगो विकास, समृद्धि र सुशासन" को संस्थागत मान्यतालाई आत्मसात गर्दै सङ्घीय संरचना अन्तर्गतका तीन तहका सरकारहरूको संस्थागत सुदृढीकरण र क्षमता विकास आवश्यकताको परिपूर्तिका लागि प्रदेश तथा स्थानीय तहको क्षमता विकासका साथै प्रादेशिक तथा स्थानीय स्तरका निकायहरूसंग समन्वय र सहकार्य गर्ने हेतुले प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको स्थापना भएको छ ।

### दीर्घकालिन सोंचः

सङ्घीय राज्य प्रणालीलाई सुदृढ, सक्षम, जनमुखी र उपलब्धीमूलक बनाउनका लागि प्रदेश स्तरमा एउटा उत्कृष्ट केन्द्र (Centre of Excellence) को रुपमा स्थापित हुने ।

### परिकल्पनाः

प्रदेश, स्थानीय तह देखि समुदायसम्म लोकतान्त्रिक सोंच र पद्धतिको विकास गर्दै समतामूलक समाज निर्माण तथा गुणस्तरिय सेवामा सर्वसाधारणको पहुँच सुनिश्चितताका लागि अनुसन्धानमा आधारित क्षमता विकास गर्ने संस्थाको रूपमा स्थापित हुने ।

### संस्थागत मान्यताः

- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण
- समता र विकास
- दिगो विकास र वातावरण मैत्री व्यवस्थापन
- सङ्घीय लोकतान्त्रिक व्यवस्थाका मूल्य र मान्यता

### ध्येयः

समस्यामूलक अनुसन्धान, गुणस्तरीय प्रशिक्षण, मुद्दा केन्द्रित संवाद, मागमा आधारित परामर्श सेवा आदिको माध्यमले जनप्रतिनिधि तथा सार्वजनिक क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई योजनाबद्ध तरिकाले प्रशासनिक र व्यवस्थापकिय क्षमता अभिवृद्धिमा सहयोग पुर्याउने ।

उद्देश्यहरू:

- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि एवं नियुक्त पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
- समस्यामूलक अनुसन्धानबाट प्राप्त तथ्य र सन्दर्भको आधारमा प्रशिक्षण सामग्री तयारी तथा परामर्श एवं सूचना सेवा सम्बन्धी कार्य गर्ने,
- आर्थिक विकास र सुशासनमा सघाउ पुर्याउन प्रदेश र स्थानीय तहमा संस्थागत र प्रणालीगत विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
- शासकीय प्रबन्ध, व्यवस्थापन र विकास लगायतका विषयमा अनुसन्धानमूलक कार्यको माध्यमबाट तथ्य र तथ्यांक प्राप्त गरी नीति निर्माण कार्यमा सहयोग पुर्याउने ।

## ३. सम्पन्न भएका क्रियाकलापहरूको विस्तृत विवरण

### (१) केन्द्रको आ.ब. २०७८/०७९ को बार्षिक प्रतिवेदन पेश

आ.व. २०७८/०७९ मा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा सम्पन्न गरिएका कार्यक्रम तथा



वित्तीय प्रगति समावेश गरिएको वार्षिक प्रतिवेदन २०७९ भाद्र १६ गते मधेश प्रदेश सरकारका तत्कालिन माननीय मुख्यमन्त्री लालबाबु राउतज्यू समक्ष पेश गरिएको थियो । प्रतिवेदनमा केन्द्रको संक्षिप्त परिचय, सोंच, लक्ष्य, उद्देश्यका अतिरिक्त गत आ.व. को कार्यक्रम र वार्षिक प्रगति विवरण समावेश गरिएको छ । उक्त प्रतिवेदनमा केन्द्रबाट संचालित क्षमता विकास सम्बन्धी तालिममा सहभागी भएका स्थानीय तथा प्रदेश तहका कर्मचारीहरूको तथ्याङ्क समेत समावेश गरिएको छ । प्रतिवेदनमा मधेश प्रदेशका सम्पूर्ण १३६ स्थानीय तहका मेयर/अध्यक्ष तथा उपमेयर/उपाध्यक्षहरूको नामावलीका साथै सम्पर्क मोबाईल नम्बर समेत समावेश गरिएको छ । उक्त वार्षिक प्रतिवेदन यस केन्द्रको वेवसाइट **www.prtc.madhesh.gov.np** मा पनि राखिएको छ ।

## (२) तालिम सहजिकरणबारे प्रशिक्षक तालिम



प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्रदेश र स्थानीय तहका लागि विभिन्न किसिमका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । प्रदेश र स्थानीय तहका कर्मचारीहरूका लागि यस केन्द्रबाट सञ्चालन हुने सेवा प्रवेश तथा सेवाकालिन तालिमहरूमा यस केन्द्र, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत कार्यरत प्रदेश सचिव, उपसचिव तथा अधिकृत स्तरका कर्मचारीहरूलाई सहजकर्ता वा प्रशिक्षकको रूपमा उपयोग गर्ने गरिएको छ । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन एवं व्यवस्थापन हुने तालिम कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय र परिणाममुखी बनाउने दिशामा कुशल सहजिकरण सिप विकास गराउने उद्देश्यले यस केन्द्रका साथै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय एवं प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत कार्यरत अधिकृत स्तरका कर्मचारीहरूका लागि ५-दिने प्रशिक्षक प्रशिक्षण (TOT) कार्यक्रम सञ्चालन भयो । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) को संयुक्त आयोजनामा संचालित उक्त कार्यक्रममा दुई जना महिला सहित २७ जनाको सहभागिता रहेको थियो ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गतका स्वीकृत कार्यक्रमहरू मध्येको यो क्रियाकलाप सम्बन्धित कार्यालयहरूसँगको छलफल र आवश्यकता पहिचानमा आधारित रहेको थियो। नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) का विज्ञ प्रशिक्षकहरूद्वारा सहजिकरण गरिएको उक्त प्रशिक्षण कार्यक्रममा सहजिकरणका विधि र सिपहरूबारे सैद्धान्तिक एवं व्यवहारिक सत्रहरू समावेश गरिएको थियो । तालिमको अन्त्यमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) का कार्यकारी निर्देशक डा. राजन खनालज्यूबाट सहभागीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

## (३) कर्मचारीको वैयक्तिक विवरण प्रणाली (PIS) बारे अभिमुखिकरण



राष्ट्रिय किताबखाना (निजामती) ले निजामती तर्फका सम्पूर्ण सरकारी निकायहरूको अभिलेख राख्नुको साथै त्यहाँ रहने दरवन्दी एवं कर्मचारीहरूको अभिलेख अद्यावधिक रूपमा राख्दै आएको छ । यसका अतिरिक्त भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० बमोजिम कर्मचारीहरूको सम्पत्ति विवरण व्यवस्थित रूपमा राख्नु पर्ने यसको अर्को महत्वपूर्ण जिम्मेवारी रहेको छ । नेपालको संविधान अनुसार मुलुक सङ्घीयतामा गइसकेपछि हाल नेपालमा तीन तहका सरकारहरू गठन भई क्रियाशिल रहेका छन् । यस बदलिंदो सन्दर्भमा प्रदेश सरकार अन्तर्गत रहेका कर्मचारीहरूको वैयक्तिक विवरण राख्ने कार्य प्रदेश सरकारको हुने प्रावधान अनुरूप राष्ट्रिय किताबखानाले प्रादेशिक वैयक्तिक विवरण पोर्टल मधेश प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ । प्रादेशिक पोर्टल हस्तान्तरण भएसँगै प्रदेश सरकारका सबै मन्त्रालय अन्तर्गतका कर्मचारीहरूको वैयक्तिक विवरण पोर्टल अनुकुलको ढाँचामा राख्नुपर्ने हुन्छ । यसै सन्दर्भमा, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा प्रदेश सरकारका सबै मन्त्रालय एवं मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि वैयक्तिक विवरण प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरियो । राष्ट्रिय किताबखानाका स्रोत व्यक्तिहरूद्वारा सहजिकरण गरिएको उक्त दुई-दिवसिय अभिमुखिकरणमा कूल ३२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## (४) केन्द्रको विधमान पुर्वाधारको निर्माण तथा मर्मत सम्भार

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र अन्तर्गत रहेका अधिकतम भौतिक पुर्वाधारहरू जिर्ण अवस्थामा रहेका छन् । यस आ.व. २०७९/०८० मा केन्द्र परिसरमा रहेका छात्रावास र कार्यालयको व्यवस्थापन, शौचालयको मर्मत संभार तथा फ्लोरींग र कार्यालय परिसरको सौन्दर्यकरण, जेनेरेटर कक्ष, बैडमिन्टन कोर्ट, बगैचा लगायतका निर्माण कार्यहरू सम्पन्न भएका छन् । यस केन्द्र परिसरमा बाँकी रहेका भौतिक पुर्वाधारहरूको मर्मतसम्भारका साथै केहि नयाँ भवन निर्माणका लागि अगामी

आ.व. २०८०/०८१ मा मधेश प्रदेश सरकारबाट बजेट उपलब्धताको सुनिश्चितता प्राप्त भएकोले सो आ.व. मा पनि मर्मत सम्भार र नयाँ संरचना निर्माणको कार्यलाई निरन्तरता दिइनेछ । यस क्रममा आधुनिक प्रशिक्षण कक्षहरूको निर्माणका साथै विधमान कर्मचारी आवास, कैन्टिन, छात्रावास आदिको मर्मत सम्भार सम्बन्धी कार्यहरू गरिनेछन् ।

### (५) तालिमको पाठ्यक्रम निर्माण

प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले प्रदेश र स्थानीय तहका लागि विभिन्न किसिमका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आईरहेको छ । प्रशिक्षण कार्यक्रमहरुलाई व्यवस्थित र स्तरीय बनाउन तथा एकरूपता कायम गर्ने दिशामा सहजकर्तालाई स्पष्ट मार्गदर्शन गर्न सहयोग पुर्याउने उद्देश्यले विभिन्न विषयका प्रशिक्षण पाठ्यक्रमहरु तयार गरिनुका साथै प्रचलनमा रहेका विभिन्न तालिम सामग्रीहरूमा स्थानीय सन्दर्भ अनुसारका विषयबस्तुहरू समायोजन गरी प्रयोगमा ल्याइएको छ । यस आ.व. २०७९/०८० मा रा.प. तृतीय श्रेणी, अधिकृत स्तर सातौं/आठौं तहका कर्मचारीहरू, सब-ईन्जिनियर सहायक स्तर पाँचौ तहका प्राविधिक कर्मचारीहरूको सेवाकालिन तालिमको पाठ्यक्रम तयारी एवं स्वीकृतीका साथै सहायक स्तर चौथो/पांचौ तथा अधिकृत स्तर छैठौं तहका कर्मचारीहरूको सेवाकालिन तालिमको पाठ्यक्रम संचालक समितिको निर्णय अनुसार अध्यावधिक गरी लागु गरिएको छ । केन्द्रबाट सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरुका लागि प्रशिक्षण सामाग्रीहरु निर्माण गर्ने र ज्ञान व्यवस्थापनलाई प्रवर्द्धन गर्ने नीति बमोजिम विगत वर्षमा पनि प्रदेश र स्थानीय तहसँग सम्बन्धित बिभिन्न विषयका मोडयुलहरुको निर्माण भएका छन् ।

### (६) कर्मचारीको सेवाकालिन तालिम



सेवाकालिन तालिममा सहभागिताका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश मार्फत प्रदेशका विभिन्न मन्त्रालय, सचिवालय, मातहतका निकाय र स्थानीय तहको हकमा यस केन्द्रको ईमेल ठेगाना वा केन्द्रमा सिधै प्राप्त हुने गरी सार्वजनिक सूचना

प्रकाशन तथा पत्राचार गरिएको थियो । सो बमोजिम रित पूर्वक आएका निवेदनहरुको विश्लेषणबाट ज्येष्ठताको आधारमा सहभागी छनोट गरी ३०-कार्यदिने सेवाकालिन तालिम सम्पन्न भयो । केन्द्रको




छात्रावासलाई आवश्यक व्यवस्थापन गरेर पूर्ण क्षमतामा प्रयोग गरी सम्भव भएसम्म उक्त तालिमलाई आवासीय रुपमा सञ्चालन गरिएको थियो । यस तालिममा प्रदेश सरकारका विभिन्न कार्यालयमा कार्यरत अधिकृत स्तर सातौं र आठौं तहका विभिन्न सेवा समूहका कर्मचारीहरूको सहभागिता रहेको थियो । कर्मचारीहरुको कार्य सम्पादनमा सुधार ल्याउने अपेक्षाका साथ सञ्चालन भएको उक्त तालिममा जम्मा ३३ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

यसै क्रममा, प्रदेश सरकारका विभिन्न कार्यालयमा कार्यरत पाँचौ तहका सब ईन्जिनियरहरुका लागि पनि ३०-कार्यदिने सेवाकालिन तालिम सम्पन्न भयो । प्राविधिक विषयमा केन्द्रित रहेको उक्त सेवाकालिन तालिममा मधेश प्रदेशका विभिन्न जिल्ला स्थित कार्यालयका ३२ जना सब ईन्जिनियरहरुको सहभागिता रहेको थियो । साथै, प्रदेश सरकारकै विभिन्न कार्यालयमा कार्यरत सहायक स्तर चौथो र पाँचौ तथा अधिकृत स्तर छैंठौं तहका कर्मचारीहरुको लागि सञ्चालन भएको ३०-कार्यदिने सेवाकालिन तालिममा ४७ जनाको सहभागिता रहेको थियो ।

साथै, मधेश प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत सहायक स्तर चौथो र पाँचौ तथा अधिकृत स्तर छैंठौं तहका कर्मचारीहरुको लागि पनि ३०-कार्यदिने सेवाकालिन तालिम सञ्चालन भयो । स्थानीय तहका कर्मचारीहरूका लागी सञ्चालित यस तालिममा जम्मा ३३ जनाको सहभागिता रहेको थियो । यसरी यस आ.व. २०७९/०८० मा कूल १४५ जना प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूले ३०-कार्यदिने सेवाकालीन तालिम प्राप्त गरेका छन् । उपरोक्त तालिमहरूले सम्बन्धित कर्मचारीहरूको ज्ञान, सीप र दक्षता विकास गर्नुका साथै स्तरवृद्धि एवं बढुवामा पनि सहयोग गर्ने भएकोले यसलाई राम्रो अवसरको रुपमा हेरिएको छ ।

## (७) मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम



स्थानीय तहहरूलाई मध्यमकालीन खर्च संरचना निर्माणमा सहयोग गर्ने उद्देश्यले मधेश प्रदेशका सबै १३६ स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूको सहभागितामा एक-दिने कार्यशाला सञ्चालन गरिएको थियो । संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम **(UNDP)** को आर्थिक एवं प्राविधिक सहयोग र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संयोजनमा सञ्चालन भएको उक्त कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारण, महत्व, यसका कानूनी आधार र तर्जुमा प्रक्रियाका बारे प्रस्तुतिकरण र अन्तर्क्रिया गरिएको थियो । उक्त कार्यशालामा स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गरी जम्मा १४५ जनाको सहभागितामा रहेको थियो । कार्यशालाको अन्त्यमा स्थानीय तहका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरूले आ-आफ्नो पालिकामा मध्यमकालीन खर्च संरचना निर्माणका लागि आवश्यक निर्देशन र पहल गर्ने प्रतिबद्धता गरेका थिए ।

यसै क्रममा, मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, बारा र पर्सा जिल्लाका सबै स्थानीय तहका बिषयगत शाखा प्रमुखहरूका लागि ३-दिने मध्यमकालीन खर्च संरचना सम्बन्धी तालिम सम्पन्न भएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा तयार पारिएको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ का अन्तरवस्तुमा केन्द्रित रहीयो तालिम सञ्चालन गरिएको थियो । उक्त तालिममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा आयोजित प्रमुख प्रशिक्षक प्रशिक्षण कार्यक्रममा सहभागी भएका सहजकर्ताहरूले सहजीकरण गरेका थिए । दुई-दुई जिल्लालाई समेटने गरी तिन चरणमा सञ्चालन गरिएको उक्त तालिममा जम्मा १८३ जना कर्मचारीहरूको सहभागिता रहेको थियो । यस ३-दिने तालिमको पहिलो दिनमा मध्यमकालीन खर्च संरचनाको अवधारण, महत्व, यसका कानूनी आधार र तर्जुमा प्रक्रियाका बारे अभिमुखिकरण

गरिएको थियो । साथै, दोस्रो र तेस्रो दिनमा प्रत्येक स्थानीय तहका सहभागीलाई छुटाछुटै समूहमा बसाएर उपलब्ध तथ्याङ्कको आधारमा प्रयोगात्मक अभ्यासको माध्यमबाट मध्यमकालीन खर्च संरचना निर्माण गर्नका लागि सहजिकरण गरिएको थियो ।

### (८) स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन



स्थानीय तहको कार्य सञ्चालनको क्रममा कार्यप्रक्रिया र उपलब्धिहरूको लेखाजोखा गरी सवल र दुर्बल पक्षहरूको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरूको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र स्थानीय तहहरूलाई प्रतिस्पर्धात्मक रूपमा सुधारको दिशामा अग्रसर गराउने उद्देश्यले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ जारी गरेको छ । यसै कार्यविधिलाई अंगिकार गरी मधेश प्रदेशका स्थानीय तहहरूले आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कन प्रक्रिया कार्यान्वयन गरेको तेस्रो वर्ष पूरा भएको छ । स्वमूल्याङ्कन जहिले पनि बितेको वर्षको गरिन्छ अर्थात, स्थानीय तहहरूले आ.व. २०७६/०७७ गरेको आफ्नो कार्यसम्पादनको स्वमूल्याङ्कन आ.व. २०७७/०७८ गरे । यसरी आ.व. २०७७/०७८ मा ५१ वटा स्थानीय तहहरूले संस्थागत क्षमता विकास स्वमूल्याङ्कनको नतिजा LISA पोर्टल मार्फत प्रकाशन गरेका थिए भने आ.व. २०७८/०७९ मा ११२ वटाले स्वमूल्याङ्कनको नतिजा प्रकाशन गरेका थिए ।

यस कार्यविधिबारे पुनर्ताजगी र समिक्षा गर्ने उद्देश्यले जिल्ला समन्वय समितिको सहकार्यमा यस केन्द्रद्वारा सबै १३६ स्थानीय तहका प्रमुख, उपप्रमुख, तथा प्रमुख प्रशसकीय अधिकृतहरूको सहभागितामा १-दिने संस्थागत क्षमता स्व-मूल्यांकन सम्बन्धी अन्तरक्रिया सञ्चालन गरियो । यसै कार्यक्रमको दोस्रो चरण अन्तर्गत स्थानीय तहहरूमा संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यमा प्रत्यक्ष रूपले संलग्न हुने कर्मचारीहरूलाई संस्थागत क्षमता स्वमूल्याङ्कन पद्दतिको बारेमा अभिमुखिकरण गर्ने

कार्य सम्पन्न भयो । जिल्ला स्तरमा सञ्चालन गरिएका उक्त अभिमुखिकरणमा जम्मा ६७२ जना कर्मचारीको सहभागिता रहेको थियो । कार्यविधिमा उल्लेख भए अनुसारको १०० वटा सूचकका आधारमा स्थानीय तहहरूले आफ्नो संस्थागत क्षमताको स्वमूल्याङ्कन गर्नु पर्ने हुन्छ । प्रत्येक सूचकको अङ्कभार एक निर्धारण गरिएकोले संस्थागत क्षमता स्वमूल्याङ्कन गर्दा कूल १०० पूर्णाङ्कमा निर्धारित सूचक अनुसारको प्राप्त गर्ने अङ्क नै सम्बन्धित स्थानीय तहको प्राप्ताङ्क हुन जान्छ।




अभिमुखिकरण पश्चात, कार्यविधिमा उल्लेखित सूचकका आधारमा स्थानीय तहहरूले आफ्नो संस्थागत क्षमताको स्वमूल्याङ्कन गरी नतिजालाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको पोर्टल मार्फत प्रकाशन गर्ने कार्य सम्पन्न गरे । यस आर्थिक वर्ष २०७९/०८० मा मधेश प्रदेशका १३६ मध्ये १२३ स्थानीय तहहरूले आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्य सम्पन्न गरे । यस क्रममा १३ वटा स्थानीय तहहरूले आफ्नो संस्थागत क्षमता स्वमूल्याङ्कनको कार्य नगरेको देखियो । संस्थागत क्षमता स्वमूल्याङ्कनमा उच्चतम अङ्क प्राप्त गरेका २० वटा स्थानीय तहहरूको नामावली अनुसूचि-१ मा दिइएको छ । साथै, स्वमूल्याङ्कनको कार्य सम्पन्न गर्न नसकेका स्थानीय तहहरूको नामावली अनुसूचि-२ मा दिइएको छ ।



## (९) स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA)



स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधि, २०७७ मिति २०७७/१२/३१मा मन्त्रिपरिषदबाट स्वीकृत भई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै जिल्ला समन्वय समितिहरु मार्फत कार्यान्वयनमा रहेको छ । यसै कार्यविधिलाई अंगिकार गरी मधेश प्रदेशका स्थानीय तहहरूले आफ्नो संस्थागत वित्तीय सुशासन जोखिम मूल्यांकन प्रक्रिया कार्यान्वयन गरेको दोस्रो वर्ष पूरा भएको छ । आ.व. २०७८/०७९ मा ३१ वटा स्थानीय तहहरूले संस्थागत वित्तीय सुशासन जोखिम मूल्यांकनका केहि आंशिक प्रक्रिया मात्र पुरा गरेका थिए ।



यसै क्रममा, यस आ.व. २०७९/०८० मा वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यको कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले सबै १३६ स्थानीय तहका प्रमुख, उपप्रमुख, तथा कर्मचारीहरूको सहभागितामा ३-दिने वित्तीय सुशासन जोखिम मुल्यांकन सम्बन्धी अभिमुखिकरण सञ्चालन गरिएको थियो । जिल्ला समन्वय समितिसँगको सहकार्यमा संचालित यस कार्यक्रम अन्तर्गत प्रथम चरणमा जि.स.स. प्रमुख, उप-प्रमुख, स्थानीय तहको प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु संग १-दिने अन्तरकृया र दोश्रो चरणमा स्थानीय तहका आर्थिक प्रशासन शाखा प्रमुख,

योजना शाखा प्रमुख, FRA फोकल पर्सन र सूचना प्रविधि अधिकृतहरूको सहभागितामा अभिमुखिकरण सञ्चालन गरिएको थियो । कुशल वित्त व्यवस्थापन प्रणालीको एक अभिन्न औजारको रूपमा रहेको वित्तीय सुशासन जोखिम मूल्यांकन प्रणालीमा आधारित यस अभिमुखिकरणमा जम्मा ६७२ जना जनप्रतिनिधि तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

अभिमुखिकरण पश्चात, कार्यविधिमा उल्लेखित सूचकका आधारमा स्थानीय तहहरूले आफ्नो संस्थाको मूल्याङ्कन गरी नतिजालाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विकास गरेको पोर्टल मार्फत प्रकाशन गर्ने कार्य सम्पन्न गरेका छन् । यस आर्थिक वर्ष २०७९/०८० मा मधेश प्रदेशका १३६ मध्ये ८२ स्थानीय तहहरूले आफ्नो संस्थाको वित्तीय सुशासन जोखिम मूल्यांकनको कार्य सम्पन्न गरेका छन् । वित्तीय सुशासन जोखिम मूल्यांकनको नतिजा पोर्टल मार्फत प्रकाशन गर्ने स्थानीय तहहरूको नामावली अनुसूचि-३ मा दिइएको छ ।

### (१०) जिल्ला समन्वय समितिसँग समन्वय बैठक



स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यको कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले मधेश प्रदेशका आठ वटै जिल्लाका जिल्ला समन्वय अधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन भयो। एकदिवसिय रूपमा संचालित उक्त अन्तरक्रिया कार्यक्रममा स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र वित्तीय सुशासन जोखिम मूल्यांकन कार्यविधिमा उल्लिखित प्रक्रियगत चरणहरूको समिक्षा गरी यसको कार्यान्वयनमा देखिएका ब्यवहारिक समस्याहरूबारे सघन रूपमा छलफल भएको थियो । मधेश प्रदेशका आठ वटै जिल्लाका जिल्ला समन्वय अधिकारी र कर्मचारी गरी जम्मा २२ जनको सहभागिता रहेको उक्त कार्यक्रममा प्रत्येक जिल्लाको छुट्टाछुट्टै कार्ययोजना तयार गरी प्रस्तुतिकरण गरिएको थियो ।

## (११) लैङ्गिक उत्तरदायी बजेट (GRB) सम्बन्धी अभिमुखिकरण

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणका लागि नेपाल सरकारले प्रतिवद्धता जनाएका



अन्तर्राष्ट्रिय सन्धी, महासन्धी तथा कार्ययोजना, दीगो विकासको लक्ष्यलाई तिनै तहका सरकारहरूले आफ्नो नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै, पन्ध्रौ योजनाले राज्यका तीनै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने रणनीति लिएको छ । स्थानीय सरकारका नीति, योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको दृष्टिकोणबाट संवेदनशील एवम् उत्तरदायी बनाउनका लागि सहजिकरण गर्न अनिवार्य रूपमा GESI सम्पर्क ब्यक्ति तोक्नु पर्ने व्यवस्था रहेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणा अनुरूप स्थानीय सरकारका क्रियाकलाप, योजना, कार्यक्रममा लैङ्गिक संवेदनशीलता एवम उत्तरदायित्वको अवस्था विश्लेषण गरी आगामी योजना, कार्यक्रम एवं प्रशासनिक संरचनामा लैससासको अवस्थालाई सुधार गर्ने दिशामा सहयोग गर्ने उद्देश्यले स्थानीय तहका जनप्रतिनिधी तथा कर्मचारीहरुका लागि लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि अभिमुखिकरण सञ्चालन भयो । जिल्ला स्तरमा संचालित यस कार्यक्रम अन्तर्गत प्रथम चरणमा स्थानीय तहको प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतहरु संग १-दिने अन्तरकृया र दोश्रो चरणमा स्थानीय तहका आर्थिक प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख, GESI फोकल पर्सन र सूचना प्रविधि अधिकृतहरूको सहभागितामा अभिमुखिकरण सञ्चालन गरिएको थियो । कार्यक्रमलाई उपलब्धिमूलक बनाउन लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा लामो समय काम गरेका विज्ञ श्रोत ब्यक्तीहरूलाई सहजिकरणका लागि परिचालन गरिएको थियो । मधेश प्रदेशका सप्तरी,

सिरहा, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा सम्पन्न भएका उक्त कार्यक्रममा जम्मा ३१५ जनाको सहभागिता रहेको थियो ।

यसको अतिरिक्त यूएसआईडी को आर्थिक सहयोगमा संचालित सार्वजनिक वित्त व्यवस्थापन (PFM) कार्यक्रम र प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संयुक्त आयोजनामा स्थानीय तहका उपमेयर/उपाध्यक्षहरूका लागि ३-दिने लैङ्गिक उत्तरदायी बजेट सम्बन्धि अभिमुखिकरण सञ्चालन भयो । स्थानीय तहका विभिन्न समितिहरू जस्तै; राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, न्यायिक समिति, अनुगमन तथा मूल्याङ्कन समिति आदिमा उपमेयर/उपाध्यक्षहरूको भूमिका र जिम्मेवारीबारे समेत उक्त अभिमुखिकरणमा प्रकाश पारिएको थियो । साथै ति जिम्मेवारीहरूको बहन गरी रहदा लैङ्गिक एवं सामाजिक समावेशिकरणको अवस्था विश्लेषण गरी योजना, कार्यक्रम एवं प्रशासनिक संरचनामा लैससास मूलप्रवाहिकरणका लागि महत्वपूर्ण भूमिका खेल्नु पर्ने दिशामा सघन छलफल भएको थियो । उक्त तालिममा मधेस प्रदेशका विभिन्न स्थानीय तहबाट २ जना पुरुष सहित ३९ जनाको सहभागिता रहेको थियो । यस अभिमुखिकरणले स्थानीय तहको श्रोतहरूमा महिला तथा पछाडि पारिएका वर्गको पहुँच अभिबृद्धी र लैङ्गिक समानता प्रवर्द्धनको लागि लैङ्गिक उत्तरदायी बजेटको अवधारणालाई अवलम्बन गर्ने वातावरण निर्माणमा सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

### (१२) संस्थागत विकासका लागि योजना/कार्ययोजना/रणनीति निर्माण



स्थानीय तहको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलव्ध गराउने दायित्व अव स्थानीय सरकारमा आईपरेको छ । यसरी नागरिकको अधिकारलाई प्रत्याभुत गराउने दिशामा स्थानीय तह अन्तर्गतका संयन्त्रहरूलाई प्रभावकारी

सेवा प्रवाह, आर्थिक समृद्धि र सामाजिक न्यायका लागि क्रियाशिल बनाउन आवश्यक छ । यस केन्द्रले आफ्नो स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय तहको क्षमता विकास योजना, राजश्व सुधार कार्ययोजना, आवधिक योजना र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) रणनीति निर्माणमा सहयोग गरेको छ ।

यस क्रममा, सबै १३६ पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गरि जम्मा १४५ जनाको सहभागितामा एउटा कार्यशालाको आयोजना गरिएको थियो । प्रदेश स्तरमा सञ्चालन भएको उक्त कार्यशालाको पहिलो उद्देश्य स्थानीय तहको संस्थागत विकासका लागि आवश्यक रहेको क्षमता विकास कार्ययोजना, राजश्व सुधार योजना, आवधिक योजना र लैससास रणनीति निर्माणका लागि आवश्यकता संकलन गरी प्राथमिकताको आधारमा स्थानीय तहहरू छनौट गर्ने आधार तयार गर्ने रहेको थियो । साथै दोस्रो उद्देश्य, उपरोक्त कार्यहरूलाई सम्पादन गर्नका लागि परामर्श सेवा खरिद गर्ने कार्यको विधि र प्रक्रियाहरूबारे सहमती निर्माण गर्ने रहेको थियो । कार्यशालाबाट प्राथमिकता निर्धारण भई आएका सूचिको आधारमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्रदेश समन्वय समितिबाट स्थानीय तहहरूको छनौट प्रक्रियालाई अन्तिम रूप दिइएको थियो ।

माथि उल्लेख भए अनुसार छनौट भएका स्थानीय तहहरूको क्षमता विकास कार्ययोजना, राजश्व सुधार योजना, आवधिक योजना र लैससास रणनीति तर्जुमाका लागि प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र र स्थानीय तहहरू बिच सम्झौता भएको थियो । स्थानीय तहहरूले परामर्शदाताको माधयमबाट सो योजना/कार्ययोजना र रणनीतिहरू तर्जुमा गरी सोको मस्यौदा प्रतिवेदन गुणस्तर सुनिश्चितताका लागि केन्द्रलाई पठाएका थिए । केन्द्रमा कार्यरत विषयविज्ञहरूले मस्यौदा प्रतिवेदनलाई समिक्षा गरी प्रदान गरेको पृष्ठपोषण अनुसार परिमार्जित अन्तिम प्रतिवेदन केन्द्रलाई प्राप्त भएको छ ।

### (१३) स्थानीय तहका नवनिर्वाचित वडाध्यक्षहरूका लागि तालिम

स्थानीय तहका नवनिर्वाचित वडाध्यक्षहरूलाई उनको भूमिका र जिम्मेवारी, योजना तर्जुमा र अनुगमन, राजश्व सुधार र कानुन निर्माण बारे क्षमता अभिवृद्धि तालिम सञ्चालन भयो । सप्तरी, सिरहा, धनुषा, महोत्तरी, बारा र पर्सा जिल्ला गरी २६ वटा केन्द्रमा सम्पन्न भएका उक्त तालिममा जम्मा ९०३

जना वडाध्यक्षहरूको सहभागिता रहेको थियो । वडाध्यक्षले गर्नु पर्ने दैनिक कार्यमा सहयोग पुगोस भन्ने हेतुले उक्त तालिम स्थानीय तह, वडा समिति तथा वडा अध्यक्षको काम, कर्तब्य र अधिकारका साथै विकासका अन्तरसम्बन्धित विषयहरूको कार्यान्वयनमा वडा समितिको भूमिका, राजश्व सुधार तथा परिचालन जस्ता महत्वपूर्ण विषयबस्तुहरू समावेश गरिएका थिए । उक्त तालिममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा सञ्चालन गरिएको प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका सहजकर्ताहरूलाई परिचालन गरिएको थियो । साथै, सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी तथा जिल्ला प्रहरी कार्यालयका प्रमुखद्वारा सरजमिन मुचुल्काको अवधारणा र सरजमिन मुचुल्का तयार गर्दा ध्यान दिनु पर्ने विषयहरू तथा सो कार्य गर्दा आईपर्ने अप्ठ्याराहरू बारे छलफल चलाईएको थियो ।



### (१४) प्राविधिक कर्मचारीहरूका लागि भवन संहिता सम्बन्धी तालिम




भवन संहिता सन्दर्भमा संघीय कानुनको साथै स्थानीय तहले पनि कानुन बनाई कार्यान्वयन गर्ने व्यवस्था छ । भवन संहितालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सके विपदको कारण उत्पन्न हुने जोखिम न्यूनिकरण, गुणस्तरयुक्त निर्माण, मितव्ययी बजेट व्यवस्थापन, बेरुजू न्यूनिकरणका साथै आर्थिक अनियमितता नियन्त्रणको दिशामा सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ । यसै सन्दर्भमा, भवन संहिता सम्बन्धी कानुनी, सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरूलाई प्रशिक्षित गर्न आवश्यक रहेको छ । स्थानीय

तहमा हुने भवन संहिता सुशासनको एक महत्वपूर्ण पाटोको रुपमा जोडिएको हुन्छ । तसर्थ स्थानीय तहमा भवन संहितालाई व्यवस्थित र प्रभावकारी बनाउने उदेश्यले कार्यरत ईन्जिनियर र सब ईन्जिनियरहरूका लागि ५-दिने तालिम सञ्चालन भएको थियो । उक्त तालिममा मधेश प्रदेशको बारा, पर्सा, धनुषा र महोत्तरी का स्थानीय तहहरूबाट एक-एक जना गरी कूल ६२ जनाको सहभागीता रहेको थियो, जसमध्ये ६ जना महिलाहरु रहेका थिए । स्थानीय तहमा भवन संहिता सम्बन्धी विद्यमान समस्या तथा कमी कमजोरी निराकरण गरी सोको कार्यान्वयन गर्न कार्ययोजना बनाई लागू गर्ने दिशामा सहभागीहरू सकारात्मक देखिएका थिए । यस तालिम पश्चात सम्बन्धित स्थानीय तहहरूमा भवन संहिता योजनाबद्ध, विधिसंगत, व्यवस्थित, मितव्ययी र पारदर्शी रूपले कार्यान्वयन हुने अपेक्षा राखिएको छ ।

### (१५) वातावरणीय मूल्याङ्कन सम्बन्धी तालिम



आर्थिक वृद्धि सहितको भौतिक विकास र वातावरणीय ह्रास एक अर्काप्रति प्रत्यक्ष प्रभाव पार्ने विषयहरु हुन । सामाजिक आर्थिक विकासका कार्यहरुबाट आर्थिक वृद्धि र मानव जीवनको गुणात्मक पक्षमा वृद्धि भएतापनि प्राकृतिक स्रोतहरुको अधिक दोहन तथा प्रदुषण वृद्धिबाट मानव जीवन कष्टकर हुन थालेपछि वातावरण व्यवस्थापनको महत्व र आवश्यकता महसुस हुन थाल्यो । कुनै पनि विकास परियोजना कार्यान्वयन हुने क्षेत्रका बस्ती, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो परियोजनाको कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय प्रभावको मूल्यांकन गर्नुपर्ने कानुनी ब्यवस्था रहेको छ । यसै सन्दर्भमा, परियोजनाको पुनरावलोकनकर्ता एवं निर्णयकर्तालाई सहयोग पुर्याउने उद्देश्यले प्रस्तावकले आफ्नो प्रस्तावनाको प्रारम्भिक वातावरणीय परिक्षण, वातावरणीय प्रभाव मूल्याङकन, संक्षिप्त वातावरणीय मूल्याङकन (IEE, EIA, BEA) प्रतिवेदन तयार गरी यसको विश्लेषणको आधारमा सिफारिस

गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । यसै अनुरुप, प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा स्थानीय तहमा कार्यरत विकास तथा भू-उपयोग कार्यमा संलग्न प्राविधिक कर्मचारीहरूका लागि प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम सञ्चालन गरियो । मधेश प्रदेशका सम्पूर्ण १३६ स्थानीय तहबाट एक-एक जना प्राविधिक कर्मचारीहरूको सहभागितामा सम्पन्न भएका उक्त ३-दिने तालिमा जम्मा १०४ जना को सहभागी रहेको थियो । सहभागीहरूको पहुँचलाई सुलभ बनाउने हेतुले उक्त तालिमलाई तीनवटा क्लस्टरमा आयोजना गरिएको थियो । वातावरण नीति, ऐन र कानुनको अवधारणा, अन्तर्राष्ट्रिय वातावरण कानुनको आधारमा नेपालमा वातावरण संरक्षण ऐनको कार्यान्वयन स्थिति र वातावरण संरक्षण सम्बन्धी कानूनी प्रावधान र अभ्यास आदि यस तालिमका मुख्य विषयबस्तुहरू रहेका थिए ।

### (१६) पुस्तकालय स्थापना र सञ्चालन



मधेश प्रदेश सरकारले प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई उत्कृष्ट केन्द्र (Centre of Excellence) को रूपमा विकास गर्ने लक्ष्य राखेको छ । यस अनुरूप विभिन्न विषय वा क्षेत्रमा कार्यरत वा अध्ययनरत व्यक्तिहरूलाई आवश्यक पर्ने जानकारी वा ज्ञान हाँसिल गर्नका लागि स्रोत केन्द्रको रूपमा यस केन्द्र परिसर भित्र एउटा पुस्तकालयको स्थापना गरिएको छ । अनुसन्धान तथा प्रशिक्षण कार्य सञ्चालनको क्रममा यस केन्द्रले यथेष्ठ संख्यामा प्रशिक्षक र सहजकर्ताहरूलाई परिचालन गर्ने गरेकोछ । यस्ता स्रोत ब्यक्तिहरूलाई प्रशिक्षणको तयारीको क्रममा अध्ययन गर्नका लागि यस केन्द्रमा संचालित पुस्तकालयमा विभिन्न विषय र क्षेत्रसँग सम्बन्धित पुस्तक तथा स्रोत सामग्रीहरू उपलब्ध रहेका छन् । यस पुस्तकालयमा संघियता, कानुन, साहित्य, इतिहास, सामान्य ज्ञान, व्यक्तित्व विकास तथा अन्य विभिन्न विधाका पुस्तकहरु व्यवस्थित गरी राखिएका छन् । यस पुस्तकालयबाट यस कार्यालयका कर्मचारीहरु

लाभान्वित भएका छन् भने तालिममा आउने सहभागीहरुले आफ्नो फुर्सदको समयलाई अध्ययनमूलक रूपमा उपयोग गर्ने भएका छन् ।

### (१७) हिंसामुक्त समाज निर्माणमा विद्यार्थीहरूको भूमिका बिषयक अन्तरक्रिया




नेपाल सरकार मन्त्रिपरिषद्ले सम्बत् २०७६ मा लैंगिक हिंसा विरुद्धको १६-दिने अभियान दिवसको रूपमा मनाउने घोषणा गरेको छ । यसै क्रममा "सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान" राष्ट्रिय नाराका साथ मनाइदै गरिएको १६-दिने लैङ्गिक हिंसा विरुद्धको अभियान अन्तर्गत प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रद्वारा धनुषा जिल्लाका दुईवटा बिद्यालयका कक्षा ८-१० मा अध्यनरत विद्यार्थिहरूको सहभागितामा लैङ्गिक हिंसामुक्त समाज  निर्माणमा बिद्यार्थीहरूको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रमको आयोजना गरियो । जम्मा १७० जना विधार्थीहरूको सहभागिता रहेको उक्त अन्तर्क्रिया कार्यक्रममा लैंगिक हिंसा नियन्त्रणका लागि विधमान कानुनी व्यवस्थाबारे सचेतना जगाउने एवं कार्यान्वयन गर्ने सन्दर्भमा विचारहरू व्यक्त गरिएका थिए ।

**अन्तर्क्रिया कार्यक्रममा आएका बिचारहरू:**

- प्रदेशका विधालयहरूमा एकरूपता कायम हुने गरी समानतामा आधारित नैतिक शिक्षा र लैगिक हिंसा नियन्त्रण सम्बन्धी पाठ्यक्रम निर्माण गरी पठन पाठन गराउनुपर्ने,
- लैंङ्गिक हिंसाका सम्बन्धमा भएका कानुनी तथा संरचनागत व्यवस्थाका सम्बन्धमा विधालयहरूमा कम्तिमा हप्ताको १ पटक Guest Lecture को माध्यमबाट कार्यक्रम सञ्चालन गर्नुपर्ने,

- लैङ्गिक हिंसा विरुद्धका अभियान्ताका रूपमा धर्म गुरु, पुरोहित, शिक्षक शिक्षिकाहरुलाई परिचालन गरी वैदेशिक रोजगारीमा गएका परिवारका महिलाहरूका लागि हिंसा सम्बन्धी सचेतनामूलक क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने,
- महिला तथा बालबालिका लक्षित बजेटको व्यवस्था गर्ने र लक्षित कार्यक्रम सञ्चालन गर्दा सो वर्ग भित्र पनि रहेका अति कमजोरलाई प्राथमिकता दिनुपर्ने,
- प्रदेश तथा स्थानीय तहमा लैंगिक उत्तरदायी बजेटको अबलम्बनमा जोड दिनुपर्ने र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको सशक्तीकरण गर्नुका साथै परामर्श सेवा उपलब्ध गराउनुपर्ने।

## (१८) अन्तर्राष्ट्रिय विकास साझेदारहरूसँग अन्तर्क्रिया र छलफल



प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आफ्नो साझेदारीका क्षेत्र विस्तृतिकरणको सन्दर्भमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, दातृ निकाय आदिहरूसँग निरन्तर सम्पर्क, समन्वय र साझेदारी निर्माणका पहलहरू गर्दै अगाडी बढिरहेको छ । यसै क्रममा, यस आ.व. २०७९/०८० मा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) नेपालका एक उच्चस्तरिय प्रतिनिधि मंडलले यस केन्द्रका पदाधिकारीहरूसँग भेटघाट र छलफल गरेका थिए । भेटघाटको क्रममा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) को आर्थिक सहयोगमा मधेश प्रदेशमा सञ्चालन हुने कार्यक्रमको सन्दर्भमा सम्भावित साझेदारीका क्षेत्रहरूबारे छलफल भएको थियो ।

यसै क्रममा, इन्टरनेशनल आइडियाका महासचिव, डा. केविन कसास जामोरा, महासचिवका सल्लाहकार, एसिया प्यासिफिक निर्देशक र इन्टरनेशनल आइडिया नेपालको टोलीले यस केन्द्रका कार्यकारी निर्देशकका साथै अन्य पदाधिकारीहरूसँग भेटघाट र छलफल गरेका थिए । प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको भूमिका

र कार्याधिकारसँग सम्बन्धित विभिन्न क्षेत्रमा समन्वय र सहकार्यका लागि इन्टरनेशनल आइडिया सँगको सम्भावित साझेदारीको बारेमा उक्त छलफल केन्द्रित रहेको थियो ।

यसैको निरन्तरता स्वरूप, युरोपेली संघ, विश्व बैंक, एसियाली विकास बैंक, नर्वेजियन दूतावास, बेलायती दूतावास काठमाडौं, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (यूएसएआईडी) सम्मिलित एउटा प्रतिनिधिमण्डलले यस केन्द्रका कार्यकारी निर्देशकका साथै अन्य पदाधिकारीहरूसँग भेटघाट र छलफल गरेका थिए । त्यस भेटघाटमा स्थानीय तहहरूले काम गरिरहदा सामना गरिरहेका चुनौतिहरु र प्रदेशमा सुशासनको समग्र अवस्थाको विषयमा छलफल भएको थियो ।

उपरोक्त छलफलहरूमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कार्यकारी निर्देशक श्री सतार अंसारीज्यूले केन्द्रको गतिविधि र भावि योजना बारे प्रस्तुतिकरण गर्नु भएको थियो । यस क्रममा, प्रतिनिधिमंडलसँग दीर्घकालीन सहकार्य र साझेदारीका लागि सम्भावित क्षेत्रहरूको पहिचान गरिएको थियो ।

### (१९) माननीय मुख्यमन्त्रीज्यूबाट केन्द्रको अवलोकन

मधेश प्रदेश सरकारको माननीय मुख्यमन्त्रीज्यूले मिति २०७९/१२/०६ गतेका दिन प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र, मुजेलियामा स्थलगत अवलोकन गर्नु भएको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको प्रमुख सचिवज्यूका साथै अर्थ मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिवज्यूहरूको पनि उपस्थिति रहेको



थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव तथा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको प्रादेशिक कार्यक्रम निर्देशकज्यूको विशेष पहलमा भएको उक्त अवलोकनमा माननीय मुख्यमन्त्रीज्यूबाट केन्द्र परिसरको स्तरोन्नतिका लागि तत्काल र दीर्घकालिन रूपमा गर्नुपर्ने केहि

आवश्यक कार्यहरूलाई अगाडी बढाउन निर्देशन तथा मार्गदर्शन प्राप्त भएको थियो । उक्त अवलोकन टोलीले केन्द्र परिसरमा रहेका पुराना कर्मचारी आवास भवनका साथै केन्द्र अन्तर्गत रहेका जग्गाको साँधसिमाको सुपरीवेक्षण गरी केन्द्रको ब्यवस्थापनका लागि आवश्यक निर्देशन दिएको थियो ।

### (२०) अन्तर-प्रदेशिय सिकाई आदान प्रदान



